## प्रेस विज्ञप्ती

## राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को राष्ट्रिय तहको नतिजा सार्वजनिक

### १. पृष्ठभूमीः

"औद्योगिक गणना तथा सर्वेक्षणहरु" औद्योगिक तथ्याङ्कका प्रमुख स्रोतहरु हुन्। केन्द्रीय तथ्याङ्क विभागले यस अघि प्रत्येक ५/५ वर्षमा १० वा सो भन्दा बढि व्यक्तिहरु संलग्न भएका ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको पूर्ण गणना विधिबाट औद्योगिक गणनाहरु तथा करिव १०/१० वर्षको फरकमा ९ वा सो भन्दा कम व्यक्तिहरु संलग्न भएका साना उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको छनौट विधिबाट साना औद्योगिक सर्वेक्षणहरु सम्पन्न गर्दै आएको थियो। विभागले प्रथम राष्ट्रिय औद्योगिक गणना वि.सं. २०२२ सालमा सम्पन्न गरी २०६९ सालमा दशौं औद्योगिक गणना संचालन गरेको थियो भने पहिलो साना औद्योगिक सर्वेक्षण वि.सं. २०२९ सालमा संचालन गरी २०६६ सालमा पाँचौ साना औद्योगिक सर्वेक्षण सम्पन्न गरिसकेको छ।

### २. राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६:

विगतमा उत्पादनशिल उद्योगहरु (manufacturing establishments) लाई मात्र समेटी गणना तथा सर्वेक्षण गर्दै आएकोमा अन्तराष्ट्रिय मान्यता बमोजिम अन्य थप तीन क्षेत्रहरुलाई समेत समेटी हालको राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ सम्पन्न गरिएको छ। अन्तराष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण अनुसार तयार गरिएको नेपाल स्तरीय औद्योगिक वर्गीकरण (NSIC) अन्तर्गत हाल गरिएको सर्वेक्षणमा समावेश गरिएका क्षेत्रहरु देहाय अनुसार छन्।

खण्ड B: खानी तथा उत्खनन्,

खण्ड C: औद्योगिक उत्पादन,

खण्ड D: विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवा,

खण्ड E: पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरु।

विगतका गणना तथा सर्वेक्षणको तुलनामा फराकिलो दायरा, साना/ठूला सवै उद्योगहरु समावेश हुने र प्रदेश स्तर सम्मको नतिजा प्राप्त हुने भएकाले यसलाई नेपालको पहिलो एकिकृत औद्योगिक सर्वेक्षण भनिएको छ।

### ३. सर्वेक्षणको उद्देश्यः

सर्वेक्षणको मुख्य उद्देश्य सन्दर्भ वर्षमा अर्थतन्त्रमा औद्योगिक क्षेत्रले गरेको योगदानको मापन गर्नुका साथै, नीति निर्माता, योजनाविद्, उद्योगपति, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरुलाई औद्योगिक क्षेत्रसंग सम्वन्धित आवश्यक तथ्याङ्क उपलव्ध गराउनु रहेको छ। सर्वेक्षणका अन्य उद्देश्यहरु देहाय वमोजिम छन्।

- चालु अवस्थामा रहेका औद्योगिक प्रतिष्ठानहरूको संरचनागत स्थिति उपलब्ध गराउनु,
- औद्योगिक प्रतिष्ठानहरूमा रहेको रोजगारी सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु,
- औद्योगिक प्रतिष्ठानहरुको लागत (input), उत्पादन (output) तथा मूल्य अभिवृद्धि (value added) का अनुमानहरू उपलब्ध गराउनु,
- औद्योगिक क्षेत्र अन्तर्गतका दिगो विकास लक्ष्यका सूचकहरुको मापन गर्न आवश्यक तथ्याङ्क उपलव्ध गराउनु,

### ४. सर्वेक्षणको सन्दर्भ समयः

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को सन्दर्भ अवधि २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्तसम्म अर्थात् आर्थिक वर्ष २०७५/७६ रहेको छ ।

### ५. सर्वेक्षण विधि:

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ मा पूर्ण गणना र नमूना छनौट विधि दुवै तरिका अवलम्वन गरिएको छ। नमूना छनौट गर्ने प्रयोजनको लागि स्याम्प्लिङ् फ्रेमको रुपमा राष्ट्रिय आर्थिक गणना, २०७५ को तथ्यांकलाई आधार मानिएको छ। गणना गर्दा NSIC खण्ड B, D र E अन्तर्गत पर्ने सवै उद्योग प्रतिष्ठानहरुको पूर्ण गणना गरिएको छ भने खण्ड C अन्तर्गत पर्ने प्रतिष्ठानहरुको हकमा पूर्ण गणना र नमूना छनौट दुवै विधि अवलम्वन गरिएको छ। खण्ड C अन्तर्गत पर्ने प्रतिष्ठानहरुको हकमा १० वा १० भन्दा वढी व्यक्ति संलग्न भएका (ठूला) उद्योग प्रतिष्ठानहरुको पूर्ण गणना र ९ जना सम्म व्यक्ति संलग्न भएका (साना) उद्योगहरुको हकमा नमूना छनौट विधि अवलम्वन गरिएको छ ।

### ६. सर्वेक्षणको दायराः

NSIC को खण्ड B, C, D र E संग सम्वन्धित आर्थिक क्रियाकलाप गर्ने तथा कम्तिमा कुनै एक सरकारी निकायमा दर्ता भई निश्चित स्थानमा रहेर सन्दर्भ अवधिमा संचालनमा रहेका प्रतिष्ठानहरुलाई मात्र सर्वेक्षणमा समावेश गरिएको छ।

### ७. अवधारणा र परिभाषाः

सर्वेक्षणको प्रश्नावलीमा समावेश गरिएका प्रमुख विषयवस्तुहरुको चयन संयुक्त राष्ट्रसंघीय औद्योगिक निकाय (UNIDO) द्वारा प्रकाशित Industrial Statistics: Guidelines and Methodology को आधारमा रही गरिएको छ । त्यसैगरी औद्योगिक क्रियाकलाप तथा वस्तुहरुको वर्गीकरण संयुक्त राष्ट्रसंघद्धारा नै तयार

गरिएको अन्तराष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण (International Standard Industrial Classification NSIC Rev. 4 ) र केन्द्रीय वस्तु वर्गीकरण (Central Product Classification version version 2.1) अनुसार गरिएको छ। सर्वेक्षणमा प्रयोग गरिएका अवधारणा र परिभाषाहरु System of National Accounts, 2008 को सिफारीस वमोजिम गरिएको छ ।

**८. तथ्यांक संकलनमा कोभिड १९ महामारीको प्रभावः**

सर्वेक्षणको तथ्याङ्क संकलन कार्यको प्रारम्भ २०७६ फागुन २१ गते गरिएकोमा २०७६ चैत्र ११ गते वाट जारी राष्ट्रव्यापी लकडाउनका कारण आ.व. २०७६/७७ मा स्थलगत कार्य स्थगित गरिएको थियो। स्थलगत कार्यको पुनःसंचालन २०७७ असोज महिना देखि गरिएपनि जिल्ला र स्थानीय तहहरुमा भएका निशेधाज्ञाका कारण स्थलगत कार्य प्रभावित भई सर्वेक्षणको सम्पूर्ण स्थलगत कार्य २०७८ असार मसान्तमा मात्र सम्पन्न भएको थियो।

**९. सर्वेक्षणवाट प्राप्त प्रमुख नतिजाहरुः**

**९.१ संचालनमा रहेका उद्योग प्रतिष्ठानहरुको संख्या (no. of establishments):** सर्वेक्षणको नतिजा अनुसार सन्दर्भ अवधिमा जम्मा ६०,१८५ उद्योग प्रतिष्ठानहरु संचालनमा रहेका छन्। ति मध्ये खानी तथा उत्खनन् क्षेत्रमा ३५६ वटा, औद्योगिक उत्पादन क्षेत्रमा ५६,६११ वटा, विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा ९९४ वटा र पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरुको क्षेत्रमा २,२२४ वटा उद्योग प्रतिष्ठानहरु रहेका छन्।

**९.२ उद्योग प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या (no. of persons engaged):** उद्योग प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या भन्नाले प्रतिष्ठानमा सकृय रुपले कार्यरत व्यवसायी तथा साझेदारहरु, वेतलवी पारिवारिक कामदारहरु र तलवी कामदारहरु पर्दछन्। सर्वेक्षणको नतिजा अनुसार औद्योगिक क्षेत्रका चारवटै प्रकारका औद्योगिक प्रतिष्ठानहरुमा संलग्न रहेका व्यक्तिहरुको संख्या ४,९१,२२७ रहेको छ। ति मध्ये खानी तथा उत्खनन् क्षेत्रमा ६,४८५ जना; औद्योगिक उत्पादन क्षेत्रमा ४,४४,९६४ जना; विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा २१,५९३ जना र पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरुको क्षेत्रमा १८,१८५ जना व्यक्तिहरु संलग्न भएको देखिएको छ।

**९.३ रोजगार व्यक्तिहरुको संख्या (no. of employees):** यस अन्तर्गत प्रतिष्ठानवाट नियमित रुपले तलव, ज्याला लिनेगरी कार्यरत कर्मचारी तथा कामदारहरु पर्दछन्। सर्वेक्षणको नतिजाअनुसार औद्योगिक क्षेत्रका चारवटै प्रकारका औद्योगिक प्रतिष्ठानहरुमा रहेका तलवी कामदारको संख्या ३,८१,६८७ रहेको छ। ति मध्ये खानी तथा उत्खनन् क्षेत्रमा ५,७१९ जना; औद्योगिक उत्पादनशिल क्षेत्रमा ३,४६,१४३ जना; विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा १७,२३८ जना र पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरुको क्षेत्रमा १२,५८७ जना देखिएको छ।

**९.४ तलब/ज्याला तथा सुविधा (Salary/wages and facility):** तलब/ज्याला तथा सुविधा भन्नाले सन्दर्भ अवधिमा तलवी कामदारहरुको लागि औद्योगिक प्रतिष्ठानहरुले खर्च गरेको कुल रकम (नगद, जिन्सी र

अन्य सुविधाहरु समेत) भन्ने वुझिन्छ। सर्वेक्षणको नतिजा अनुसार सन्दर्भ अवधिमा औद्योगिक क्षेत्रका चारवटै औद्योगिक प्रतिष्ठानहरुमा कार्यरत तलवी कामदारहरुको लागि तलव/ज्याला र सुविधामा गरेको जम्मा खर्च करिब रु १ खर्ब ७ अर्ब ८९ करोड रहेको छ । सो मध्ये खानी तथा उत्खनन् क्षेत्रमा करिब १ अर्ब ८० करोड; औद्योगिक उत्पादन क्षेत्रमा करिब ९५ अर्ब ७७ करोड; विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा करिब ६ अर्ब ९२ करोड र पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरुको क्षेत्रमा करिब ३ अर्ब ४० करोड रकम कामदारको तलव/ज्याला तथा सुविधामा खर्च भएको देखिएको छ।

**९.५ लागत मूल्य, उत्पादन मूल्य र मूल्य अभिवृद्धि (Value of input, output and value added):** सन्दर्भ वर्षमा औद्योगिक क्षेत्रका चारवटै औद्योगिक प्रतिष्ठानहरुले करिब ८ खर्ब ४६ अर्ब ६६ करोड मूल्य बराबरको रकम लागत को रुपमा खर्च गरी करिब १२ खर्ब १ अर्ब १७ करोड मूल्य बराबरको बस्तु तथा सेवा उत्पादन गरेको देखिन्छ। यस हिसावले यी चारवटै क्षेत्रका औद्योगिक प्रतिष्ठानहरुले नेपालको अर्थतन्त्रमा करिब ३ खर्व ५४ अर्ब ५१ करोड बराबरको मूल्य अभिवृद्धि (value added) गरेको देखिन्छ।

**९.६ स्थायी सम्पत्ती (Value of fixed assets):** सन्दर्भ अवधिको अन्त्य सम्ममा औद्योगिक क्षेत्रका चारवटै औद्योगिक प्रतिष्ठानहरुमा करिब ६ खर्व १९ अर्ब ५१ करोड मूल्य बराबरको स्थायी सम्पत्ती रहेको देखिएको छ।

**९.७ उत्पादन कार्य संचालन दिन (Number of operating days):** सन्दर्भ अवधिमा औद्योगिक क्षेत्रका चारवटै औद्योगिक प्रतिष्ठानहरु मध्ये करिब ७६% उद्योग प्रतिष्ठानहरु २७० दिन वा सो भन्दा बढी दिन संचालन भएको देखिएको छ। यसैगरी १९% उद्योग प्रतिष्ठानहरु १८०–२६९ दिन, ४% उद्योग प्रतिष्ठानहरु ९० –१७९ र बाँकी १% उद्योग प्रतिष्ठानहरु ९० भन्दा कम दिन संचालन भएको देखिन्छ ।

**९.८ उत्पादन क्षमताको उपयोग (Use of production capacity):** सन्दर्भ अवधिमा औद्योगिक क्षेत्रका चारवटै औद्योगिक प्रतिष्ठानहरु मध्ये ३९.९% उद्योग प्रतिष्ठानहरुले मात्र उत्पादन क्षमताको पूर्ण उपयोग गरेको देखिन्छ। यसैगरी १८.७% उद्योग प्रतिष्ठानहरुले उत्पादन क्षमताको ७५-९९ प्रतिशत, २९.१% उद्योग प्रतिष्ठानहरुले उत्पादन क्षमताको ५०-७४ प्रतिशत, १०.३% उद्योग प्रतिष्ठानहरुले उत्पादन क्षमताको २५-४९ प्रतिशत र बाँकीले २५ प्रतिशत भन्दा कम उपयोग गरेको देखिन्छ। यसरी पूर्ण क्षमतामा नचल्नुको कारण वजार वा मागको कमीका कारण (४६%), कच्चा पदार्थको अपार्यप्तताका कारण (१०%), स्रोतको कमीका कारण (८%), सीपमुलक कामदारको अभावका कारण (८%) आदी रहेका छन् ।

**९.९ साना उत्पादनशिल उद्योग प्रतिष्ठानमा ऋणको अवस्थाः** सन्दर्भ अवधिमा साना उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरु (१० जना भन्दा कम व्यक्तिहरु संलग्न भएका) मध्ये करिब ३४% ले मात्र वित्तीय संस्थाहरुसँग ऋण लिएको देखिन्छ भने १% ले ऋणको प्रतिबद्धता प्राप्त गरेको देखिन्छ। यसैगरी

५% साना उद्योग प्रतिष्ठानहरु ऋण लिने प्रकृयामा रहेको देखिन्छ भने ६०% साना उद्योग प्रतिष्ठानहरुले ऋण नलिएको/नभएको र ऋण लिने प्रकृयामा पनि नभएको पाइएको छ ।

**९.१० लकडाउनको समयमा प्रतिष्ठानहरुको संचालन अवस्थाः** कोभिड–१९ को महामारीको समयमा सरकारले गरेको करिव ४ महिनाको लकडाउन अवधिमा करिब ६३% उद्योग प्रतिष्ठानहरु पूर्णरुपमा बन्द भएको सर्वेक्षणले देखाएको छ। यसैगरी २४% उद्योग प्रतिष्ठानहरु आंशिकरुपमा संचालनमा रहेको र बाँकी १३% उद्योग प्रतिष्ठानहरु पूर्णरुपमा संचालनमा रहेको सर्वेक्षणले देखाएको छ ।

**९.११ लकडाउनको समयमा कामदारहरुले भोगेका मुख्य समस्याहरुः** लकडाउनको समयमा करिब १७% कामदारहरुले बिना सुविधा स्थायीरुपमा आफुले गरिरहेको काम छोड्नु परेको सर्वेक्षणले देखाएको छ भने ६०% कामदारहरुले बिना तलब/सुविधा अस्थायीरुपमा कामबाट अलग हुनुपरेको देखिन्छ। त्यसैगरी ११% कामदारहरुको तलव/सुविधा आंशिकरुपमा कटौती भएको र बाँकी १२% कामदारले तलव/सुविधा निर्धारित समय भन्दा ढिला पाएको सर्वेक्षणले देखाएको छ ।

सर्वेक्षणबाट प्राप्त तथ्यांकको आधारमा तयार गरिएका प्रमुख औद्योगिक सूचकहरुको अवस्था यसै साथ संलग्न तालिका नं. १ (table 1) मा उल्लेख गरिएको छ ।

## १०. प्रमुख औद्योगिक सूचकहरुको तुलनात्मक स्थिती:

यस खण्डमा विगतमा भएका ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको गणना (census of large manufacturing establishments) वाट प्राप्त नतिजाहरु र हालको सर्वेक्षणबाट प्राप्त सोही समुहका औद्योगिक प्रतिष्ठानहरुको अवस्था तुलना गरिएको छ। मूल्य अभिवृद्धिको आधारमा औद्योगिक क्षेत्रको करिव दुई तिहाई हिस्सा ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको रहेकोले त्यस्ता प्रतिष्ठानहरुको अवस्था विश्लेषण गर्नु आवश्यक हुन्छ। यहाँ ठूला औद्योगिक प्रतिष्ठान भन्नाले १० वा सो भन्दा बढी व्यक्तिहरु संलग्न भएका प्रतिष्ठानहरु सम्झनुपर्दछ ।

**१०.१ ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको संख्याः** १० वा सो भन्दा बढी व्यक्तिहरु संलग्न भएका उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको संख्या वि. सं. २०६९(२०११/१२) मा ४,०७६ रहेकोमा हाल उक्त संख्या करिव २३% ले बढेर ५,०१७ देखिएको छ। गणना वर्ष अनुसार ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको संख्या ग्राफ नं. १ मा र विस्तृत विवरण तालिका नं. २ (table 2) मा उल्लेख गरिएको छ ।

**१०.२ ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्याः** राष्ट्रिय औद्योगिक गणना, २०६९ (२०११/१२) मा ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या २,०४,३६० जना रहेकोमा यस सर्वेक्षणमा सो संख्या करिव ४१% ले वढेर २,८८,१७० जना पुगेको छ। त्यसैगरी ठूला औद्योगिक प्रतिष्ठानहरुमा संलग्न प्रति प्रतिष्ठान औसत व्यक्तिहरुको संख्या वि.सं. २०६९ सालमा ५० जना रहेकोमा अहिले सो संख्या बढेर ५७ जना पुगेको छ। ठूला औद्योगिक प्रतिष्ठानहरुको संख्या करिव २३% ले वढेको र प्रति प्रतिष्ठान संलग्न रहेका व्यक्तिहरुको संख्या समेत बढेकाले संलग्न व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा बढेको मान्न सकिन्छ। गणना वर्ष अनुसार ठूला

उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या ग्राफ नं. २ र प्रति प्रतिष्ठान संलग्न रहेको व्यक्तिहरुको औसत संख्या ग्राफ नं. ३ मा देखाइएको छ।

**१०.३ ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुमा कार्यरत तलवी कामदारको संख्याः** राष्ट्रिय औद्योगिक गणना २०६९ मा ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुमा कार्यरत तलवी कमदारको संख्या १,९४,९८९ जना भएकोमा यस सर्वेक्षणमा करिब ४१% ले वढी सो संख्या २,७४,३२४ रहेको देखिएको छ।

**१०.४ ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको लागत मूल्य, उत्पादन मूल्य र मूल्य अभिवृद्धिः** राष्ट्रिय औद्योगिक गणना, २०६९ मा ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुले करिब २ खर्व ४१ अर्ब ७७ करोड मूल्य बराबरको रकम लागतको रुपमा खर्च गरेर करिब ३ खर्व २२ अर्ब ५५ करोड मूल्य बराबरको औद्योगिक बस्तु उत्पादन गरेका थिए भने यस सर्वेक्षणमा सोही समुहका प्रतिष्ठानहरुले करिब ६ खर्व २५ अर्ब ७२ करोड बराबरको रकम लागतको रुपमा खर्च गरी करिब ८ खर्व ६१ अर्ब ५ करोड मूल्य बराबरको औद्योगिक बस्तु उत्पादन गरेको देखिन्छ।

सो आधारमा वि.सं. २०६९ सालमा ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुले नेपालको अर्थतन्त्रमा करिब ८० अर्ब ७८ करोड बराबरको मूल्य अभिवृद्धि गरेका थिए भने यस सर्वेक्षणवाट ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुले नेपालको अर्थतन्त्रमा करिब २ खर्व ३५ अर्ब ३३ करोड बराबरको मूल्य अभिवृद्धि गरेको देखिन्छ।त्यसैगरी, राष्ट्रिय औद्योगिक गणना, २०६९ मा ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको लागत/उत्पादन अनुपात ०.७५ रहेकोमा हालको सर्वेक्षण अनुसार सो अनुपात केही घटेर ०.७३ रहेको देखिएको छ।ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको लागत मूल्य, उत्पादन मूल्य र मूल्य अभिवृद्धिको प्रवृत्ति ग्राफ नं. ४ मा देखाइएको छ ।


हालको सर्वेक्षणबाट प्राप्त ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुसंग सम्वन्धित प्रमुख सूचकहरु र विगतका वर्षहरुसंगको तुलनात्मक स्थिती यसै साथ संलग्न तालिका नं. २ (table 2) मा उल्लेख गरिएको छ ।

- सर्वेक्षणबाट प्राप्त प्रादेशिक तहका नतिजाहरु र अन्य विस्तृत नतिजा तथा प्रतिवेदनहरु क्रमशः सार्वजनिक गरिनेछ ।
- सर्वेक्षणको नतिजा सम्वन्धमा थप जानकारी आवश्यक परेमा निर्देशक राजेश धिताल (९८४१५२२९०९) वा निर्देशक विनोदशरण आचार्य (९८४९२८९७८७) लाई सम्पर्क गर्न सकिनेछ ।


धन्यवाद !

केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाण्डौ
२०७९ असार २४


**ग्राफ नं. १ गणना वर्ष अनुसार ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको संख्या:**





**ग्राफ नं. २ गणना वर्ष अनुसार ठूला औद्योगिक उत्पादनशिल प्रतिष्ठानहरुमा संलग्न व्यक्तिहरुको संख्या:**



**ग्राफ नं ३ गणना वर्ष अनुसार प्रति प्रतिष्ठानहरुमा संलग्न व्यक्तिको औसत संख्या (ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठान):**




**ग्राफ नं. ४ ठूला उत्पादनशिल औद्योगिक प्रतिष्ठानहरुको लागत मूल्य, उत्पादन मूल्य र मूल्य अभिवृद्धिको प्रवृत्ति (रु. अर्वमा):**



## Table 1 : Principal Indicators

| S.N. | Indicator | Unit | Value (in total) | Value - by NSIC and size of establishments | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | B | C | | | D | E |
| | | | | | Total | Large | Small | | |
| 1 | Number of establishments | No. | 60,185 | 356 | 56,611 | 5,017 | 51,594 | 994 | 2,224 |
| 2 | Number of persons engaged in establishments | No. | 491,227 | 6,485 | 444,964 | 288,170 | 156,794 | 21,593 | 18,185 |
| 3 | Average number of persons engaged per establishments | Persons / establishment | 8.2 | 18.2 | 7.9 | 57.4 | 3.0 | 21.7 | 8.2 |
| 4 | Number of employees in establishments | No. | 381,687 | 5,719 | 346,143 | 274,324 | 71,819 | 17,238 | 12,587 |
| 5 | Average number of employees per establishments | Persons / establishment | 6.3 | 16.1 | 6.1 | 54.7 | 1.4 | 17.3 | 5.7 |
| 6 | Output of the establishments | Rs. Billion | 1,201.17 | 24.78 | 1,029.37 | 861.05 | 168.32 | 105.92 | 41.10 |
| 7 | Input of the establishments | Rs. Billion | 846.66 | 6.58 | 745.63 | 625.72 | 119.91 | 72.28 | 22.18 |
| 8 | Value added of the establishments | Rs. Billion | 354.51 | 18.20 | 283.74 | 235.33 | 48.41 | 33.64 | 18.92 |
| 9 | Gross fixed assets at the end of the year | Rs. Billion | 619.51 | 8.82 | 387.56 | 286.30 | 101.26 | 205.54 | 17.59 |
| 10 | Output per persons engaged in establishments | Rs.Thousand / persons engaged | 2,445.25 | 3,821.27 | 2,313.39 | 2,988.01 | 1,073.50 | 4,905.26 | 2,259.95 |
| 11 | Output input ratio | Ratio | 1.42 | 3.77 | 1.38 | 1.38 | 1.40 | 1.47 | 1.85 |
| 12 | Input output ratio | Ratio | 0.70 | 0.27 | 0.72 | 0.73 | 0.71 | 0.68 | 0.54 |
| 13 | Value added per persons engaged in establishments | Rs.Thousand/ person engaged | 721.69 | 2,807.16 | 637.68 | 816.64 | 308.77 | 1,558.02 | 1,040.48 |
| 14 | Total wages, salaries and other benefit (cash/kind) paid to employees | Rs. Billion | 107.89 | 1.80 | 95.77 | 79.47 | 16.30 | 6.92 | 3.40 |

*Source : National Industrial Survey, 2076*

*Note: 1. Large size establishments-establishments with 10 or more persons engaged. Small size establishments-establishments with 9 or less persons engaged. 2. B-Minning and Quarrying; C-Manufacturing; D-Electricity, gas, steam and air conditioning supply and E-Water supply; sewerage, waste management and remediation activities*

**Table 2 : Principal Indicators -Large size manufacturing establishments**

| S.N. | Indicators | Unit | Year | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **1991/92** | **1996/97** | **2001/02** | **2006/7** | **2011/12** | **2018/19** |
| 1 | Total number of establishments | No. | 4,271 | 3,557 | 3,213 | 3,446 | 4,076 | 5,017 |
| 2 | Total number of persons engaged | No. | 223,463 | 196,708 | 191,853 | 177,550 | 204,360 | 288,170 |
| 3 | Average number of person engaged per establishment | Persons / establishment | 52 | 55 | 60 | 52 | 50 | 57 |
| 4 | Total number of employees | No. | 213,653 | 187,316 | 181,943 | 169,891 | 194,989 | 274,324 |
| 5 | Average number of employees per establishment | Persons / establishment | 50 | 53 | 57 | 49 | 48 | 55 |
| 6 | Output of the establishments | Rs. Billion | 33.09 | 54.93 | 95.10 | 156.31 | 322.55 | 861.05 |
| 7 | Input of the establishments | Rs. Billion | 20.94 | 34.87 | 69.48 | 115.30 | 241.77 | 625.72 |
| 8 | Value added of the establishments | Rs. Billion | 12.15 | 20.06 | 25.61 | 41.00 | 80.78 | 235.33 |
| 9 | Gross fixed assets at the end of the year | Rs. Billion | 20.07 | 26.49 | 40.37 | 78.89 | 119.73 | 286.30 |
| 10 | Output per persons engaged in establishments | Rs. Thousand/ persons engaged | 148.06 | 279.25 | 495.68 | 880.35 | 1,578.35 | 2,988.01 |
| 11 | Output input ratio | Ratio | 1.58 | 1.58 | 1.37 | 1.36 | 1.33 | 1.38 |
| 12 | Input output ratio | Ratio | 0.63 | 0.63 | 0.73 | 0.74 | 0.75 | 0.73 |
| 13 | Value added per persons engaged in establishments | Rs.Thousand/ person engaged | 54.37 | 101.99 | 133.50 | 230.93 | 395.30 | 816.64 |
| 14 | Total wages, salaries and other benefit (cash/kind) paid to employees | Rs. Billion | 3.35 | 4.06 | 6.39 | 8.04 | 16.44 | 79.47 |

*Source : National Industrial Survey, 2076*

*Note: Large size establishments-establishments with 10 or more persons engaged.*

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६

# नतिजा सार्वजनिक कार्यक्रम

**केन्द्रीय तथ्याङ्क विभाग**

२०७९ असार २४

# प्रस्तुतिका प्रमुख विषयवस्तुहरु

- ❖ राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय
- ❖ सर्वेक्षणवाट प्राप्त प्रमुख नतिजाहरु

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय

## ऐतिहासिक पृष्ठभूमी

- नेपालको प्रथम **राष्ट्रिय औद्योगिक गणना** वि.सं. २०२२ सालमा सम्पन्न भएको,
- वि.सं. २०३०, २०३४, २०३९, २०४४, २०४९, २०५४, २०५९, २०६४ र २०६९ साल सम्ममा क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैठौं, सातौं आठौं, नवौं र दशौं औद्योगिक गणना सम्पन्न भईसकेको,
- सवै गणनाहरुमा १० वा सो भन्दा वढी कर्मचारी संलग्न भएका सवै उद्योग प्रतिष्ठानहरुलाई समेटी पूर्ण गणना (full enumeration) गरिएको,

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय

**ऐतिहासिक पृष्ठभूमी....**

- त्यसैगरी, प्रथम **राष्ट्रिय साना औद्योगिक सर्वेक्षण** वि.सं. २०२९ सालमा सम्पन्न भएको,
- वि.सं. २०३९, २०४९, २०५६ र २०६६ मा क्रमश: दोस्रो, तेस्रो, चौथो, र पाँचौं साना औद्योगिक सर्वेक्षण सम्पन्न भइसकेको,
- सवै सर्वेक्षणहरुमा ९ जना सम्म कामदार भएका उद्योग प्रतिष्ठानहरु छनौट विधि (sampling method) वाट छनौट गरी सर्वेक्षण गरिएको,

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय

- विगतका दुवै गणना तथा सर्वेक्षणमा नेपाल स्तरीय औद्योगिक वर्गीकरण (NSIC) को खण्ड C अन्तर्गत पर्ने उत्पादनशील उद्योगहरु (manufacturing establishments) मात्र समेटिएको
- हाल गरिएको सर्वेक्षणमा NSIC मा समावेस गरिएका देहायका चार औद्योगिक क्रियाकलापहरु अन्तर्गत पर्ने सबै (ठूला तथा साना उद्योग) प्रतिष्ठानहरुलाई समावेश गरिएको ।
- हाल समावेश गरिएको क्षेत्रहरु :

B: खानी तथा उत्खनन्,

C: औद्योगिक उत्पादन,

D: विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा,

E: पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरु

# Industrial Classification and their shares to GDP (%)

| NSIC | Industrial Classification | 2078/79 P<br>2021/22 |
|---|---|---|
| A | Agriculture, forestry and fishing | 23.95 |
| B | Mining and quarrying | 0.58 |
| C | Manufacturing | 5.65 |
| D | Electricity, gas, steam and air conditioning supply | 1.37 |
| E | Water supply; sewerage, waste management and remediation activities | 0.51 |
| F | Construction | 6.17 |
| G | Wholesale and retail trade; repair of motor vehicles and motorcycles | 16.40 |
| H | Transportation and storage | 5.98 |
| I | Accommodation and food service activities | 1.65 |
| J | Information and communication | 2.09 |
| K | Financial and insurance activities | 6.86 |
| L | Real estate activities | 8.79 |
| M | Professional, scientific and technical activities | 0.99 |
| N | Administrative and support service activities | 0.78 |
| O | Public administration and defence; compulsory social security | 7.73 |
| P | Education | 8.10 |
| Q | Human health and social work activities | 1.79 |
| R, S, T, U | Arts, entertainment and recreation; Other service activities; and Activities of households as employers; undifferentiated goods- and services-producing activities of households for own use | 0.61 |

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय

## सर्वेक्षणको मुख्य उद्देश्य

अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान मापन गर्नुका साथै नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरुलाई औद्योगिक क्षेत्रसंग सम्वन्धी आवश्यक पर्ने विविध तथ्याङ्क उपलब्ध गराउनु,

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय

## सर्वेक्षणका अन्य विशिष्ट उद्देश्यहरु :

- चालु अवस्थामा रहेका औद्योगिक प्रतिष्ठानहरूको संरचनागत स्थिति उपलब्ध गराउनु,
- औद्योगिक प्रतिष्ठानहरूमा रहेको रोजगारी सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु,
- औद्योगिक प्रतिष्ठानले उत्पादन गरेका वस्तु तथा सेवाहरूको Central Product Classification (CPC) अनुसार तथ्याङ्क उपलब्ध गराउनु,

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय

## सर्वेक्षणका अन्य विशिष्ट उद्देश्यहरु:

- औद्योगिक प्रतिष्ठानहरूमा भएको लगानी, कच्चापदार्थ तथा संचालन खर्च, उत्पादित वस्तुको बिक्री, मौज्दात्, स्थायी सम्पत्ति आदि विविध विषयमा जानकारी गराउनु,
- औद्योगिक प्रतिष्ठानहरुको औद्योगिक प्रतिष्ठानहरुको लागत (input), उत्पादन (output) तथामूल्य अभिवृद्धि (value added) का अनुमानहरू उपलब्ध गराउनु,
- औद्योगिक क्षेत्र अन्तर्गतका दिगो विकास लक्ष्यका सूचकहरुको मापन गर्नु,

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को परिचय

## गणना विधि

- ❖ पूर्ण गणना र नमूना छनौट विधि दुवै तरिका अवलम्वन गरिएको,
- ❖ Sampling frame रुपमा राष्ट्रिय आर्थिक गणना, २०७५ को तथ्यांकलाई मुख्य आधार मानिएको,
- ❖ NSIC अन्तर्गत देहायको खण्डमा पर्ने सवै उद्योग प्रतिष्ठानहरुको पूर्ण गणना गरिएको,
  - खण्ड B : खानी तथा उत्खनन्,
  - खण्ड D: विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा र
  - खण्ड E: पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलाप

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६

## गणना विधि

- **खण्ड C** अन्तर्गत पर्ने प्रतिष्ठानहरुको हकमा पूर्ण गणना र नमूना छनौट विधि दुवै तरिका अवलम्वन गरिएको,
  - १० वा १० भन्दा वढी कामदार भएका उद्योग प्रतिष्ठानहरुको पूर्ण गणना विधि,
  - ९ जना सम्म कामदार भएका उद्योगहरुको हकमा नमूना छनौट विधि,
- सवै खण्डमा पर्ने प्रतिष्ठानहरुमा गरि समग्रमा १३,१४५ उद्योग प्रतिष्ठानहरुवाट तथ्यांक संकलन गरिएको ।

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६

## सर्वेक्षणको दायरा (survey scope)

NSIC वर्गीकरणको खण्ड B, C, D & E संग सम्वन्धित आर्थिक कृयाकलाप गर्ने तथा कम्तीमा कुनै एक सरकारी निकायमा दर्ता भई सन्दर्भ अवधिमा संचालनमा रहेका प्रतिष्ठानहरुलाई मात्र सर्वेक्षणमा समावेश गरिएको ।

# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६

## अवधारणा र परिभाषा (concepts and defination)

प्रस्तुत सर्वेक्षणमा प्रयोग गरिएका अवधारणा र परिभाषा संयुक्त राष्ट्र संघीय निकायहरुद्धारा सिफारीस गरिएका अवधारणा र परिभाषामा आधारित छन् ।

### Some important guiding documents

- Industrial Statistics: Guidelines and Methodology - *UNIDO*
- International Standard Industrial Classification NSIC Rev. *4- UN, Statistics DIvision*
- Central Product Classification version 2.1 -*UN, Statistics Division*
- System of National Accounts, 2008 -*UN, Statistics Commission*


# राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६

## तथ्यांक संकलन र कोभिड– १९ को असर

- तथ्यांक संकलन कार्य प्रारम्भः मितिः २०७६ फागुन २१ बाट,
- २०७६ चैत्र ११ गते वाट जारी देशव्यापी लकडाउनका कारण स्थलतकार्य आ.व. २०७६/७७ मा स्थगित गर्नुपरेको,
- स्थलगत कार्य पुनः संचालनः २०७७ असोज १२ गतेवाट,
- तत् पश्चात पनि जिल्ला र स्थानीय स्तरमा लागू गरिएका निशेधाज्ञाका कारण तथ्यांक संकलन कार्य प्रभावित भएको
- स्थलगत कार्य सम्पूर्ण रुपमा सम्पन्नः २०७८ असार मसान्त,


# सर्वेक्षणबाट प्राप्त प्रमुख नतिजाहरु

# Distribution of establishments by NSIC Section




# Proportion of establishments by size of persons engaged

## Mining and Quarrying





## Manufacturing





<u>Large</u> : 10 or more persons engaged


<u>Small</u>: up to 9 persons engaged


## Electricity, gas, steam and air conditioning supply






## Water supply; sewerage, waste management and remediation activities






Number of person engaged and no. of employees by NSIC section
444,964
346,143
Total no. of persons engaged (491,227)
Total no. of employees (381,687)
17,238
6,485
5,719
21,593
18,185
12,587
Mining and Quarrying
Manufacturing
Electricity, gas, steam and air conditioning supply
Water supply; sewerage, waste management and remediation activities



Wages, Salaries and other benefits paid to their employees in a year ( in billion Rs.)
1.80
95.77
6.92
3.40
107.89
Mining and Quarrying
Manufacturing
Electricity, gas, steam and air conditioning supply
Water supply; sewerage, waste management and remediation activities
Total


Input, Output and Value added (in billion Rs.)
6.6
24.8
18.2
745.6
1029.4
279.2
72.3
105.9
33.6
22.2
41.1
18.9
846.7
1,201.2
350.0
Mining and Quarrying
Manufacturing
Electricity, gas, steam and air conditioning supply
Water supply; sewerage, waste management and remediation activities
Total
Total Input
Total Output
Total Value Added



Input as % of output
0.27
0.72
0.68
0.54
0.70
Mining and Quarrying
Manufacturing
Electricity, gas, steam and air conditioning supply
Water supply; sewerage, waste management and remediation activities
Total



Top 10 industries by no. of establishments
15,871
11,587
7,956
6,696
5,614
2,131
1,679
1,627
1,451
994
Manufacture of food products
Manufacture of wearing apparel
Other manufacturing
Manufacture of furniture
Manufacture of fabricated metal products
Manufacture of other non-metallic mineral products
Manufacture of wood and of products of wood and cork
Printing and reproduction of recorded media
Water collection, treatment and supply
Electricity



Top 10 industries in terms of value added (in billion Rs)
Manufacture of furniture
8.4
Waste collection, treatment and disposal activities
9.4
Water collection, treatment and supply
9.5
Manufacture of rubber and plastics products
11.2
Manufacture of wood and of products of wood and cork
11.5
Manufacture of chemicals
16.7
Other mining and quarrying
18.2
Manufacture of beverages
19.7
Manufacture of basic metals
19.8
Other manufacturing
19.8
Manufacture of fabricated metal products
22.3
Electricity
33.6
Manufacture of other non-metallic mineral products
38.0
Manufacture of food products
71.9
-
10
20
30
40
50
60
70
80




NUMBER OF LARGE SIZE MANUFACTURING ESTABLISHMENTS BY CENSUS YEAR
4,271
3,557
3,213
3,446
4,076
5,017
1991-1992 (2049 )
1996-1997 (2054)
2001-2002 (2059 )
2006-2007 (2064)
2011-2012 (2069)
2018-2019 (2076)
CENSUS YEAR


TOTAL NO. OF PERSONS ENGAGED IN LARGE SIZE MANUFACTURING ESTABLISHMENTS
223,463
196,708
191,853
177,550
204,360
288,170
1991-1992 (2049 )
1996-1997 (2054)
2001-2002 (2059 )
2006-2007 (2064)
2011-2012 (2069)
2018-2019 (2076)
CENSUS YEAR


AVERGE NO. OF PERSONS ENGAGED PER ESTABLISHMENT
(LARGE SIZE MANUFACTURING ESTBS.)
52
55
60
52
50
57
1991-1992 (2049 )
1996-1997 (2054)
2001-2002 (2059 )
2006-2007 (2064)
2011-2012 (2069)
2018-2019 (2076)
CENSUS YEAR




Input, output and value added(in billion Rs.)
(large manufacturing establishments)
Input
Output
Value added
20.94
33.09
12.15
69.48
95.10
25.61
241.77
322.55
80.78
625.72
861.05
235.33
1991-1992 (2049 )
2001-2002 (2059 )
2011-2012 (2069)
2018-2019 (2076)





INPUT AS % OF OUTPUT
(LARGE SIZE MANUFACTURING ESTABLISHMENTS)
63%
63%
73%
74%
75%
73%
1991-1992 (2049 )
1996-1997 (2054)
2001-2002 (2059 )
2006-2007 (2064)
2011-2012 (2069)
2018-2019 (2076)


## Average operating days of establishments in a year




# Average operating hours per day of establishments





Capacity utilization of the establishment out of the total production capacity
2.2%
10.3%
29.1%
18.7%
39.5%
Less than 25 percent
25-49 percent
50-74 percent
75-99  percent
100 percent


Reasons of not operating in full capacity
(out of 36,308 estbs.)
981
3,703
3,080
2,583
535
149
16,608
3,283
11
929
942
635
54
51
Load shedding /unstable power
Inadequate raw materials /other supplies
Insufficient resources
Insufficient skilled manpower
Climate effect
Government policy
Lack of market/ demand
Competition with others
Insufficient infrastructure
Weak managment
Traditional equipment
New business
Seasonal business
Construction damage


# Loan/credit status  for small manufacturing establishments



# Loan/credit status  for large manufacturing establishments




# Operating status of the establishments in COVID 19 lockdown*




*It refers to the period of lockdown declared by the Government of Nepal for COVID-19 prevention from 24 March 2020 to 21 July 2020.

# Situation faced by the employess during lockdown



# धन्यवाद !